वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १८७ | २०८३ कात्तिक ३० गते सोमबार, नेपाल सम्वत् ११४७ November 16, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



छठ पर्व : अस्ताउँदो सूर्यलाई अर्घ्य

छठ पर्वको मुख्य दिन आइतबार साँझ तनहुँको व्यास नगरपालिका-३ स्थित मादी नदी किनारमा निर्माण गरिएको छठ घाटमा एक व्रतालु अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै । आस्था, श्रद्धा र भक्तिभावका साथ मनाइने छठ पर्वमा आइतबार साँझ अस्ताउँदो र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरी समापन गरिने छ । भारत तथा तराईका विभिन्न जिल्लाबाट आएर तनहुँमा बसोबास गर्दै आएका परिवारले यहाँका नदी किनारमा छठ घाट सजाएर छठी माईको पूजाअर्चना गरेका छन् । छठ पर्वले मानव जीवन र प्रकृतिबीचको सम्बन्धसंग मनाइने यो पर्व चार दिनसम्म मनाइने प्रचलन छ। यस पर्वको पहिलो दिन व्रतालुले नुहाएर छठ पूजाको विधि सुरू गर्छन् । दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि पर्वको समापन गरिन्छ ।

तस्विर : अश्विन किशोर श्रेष्ठ/भञ्ज्याङ

सार्वजनिक सवारी चालक उत्पादनमा सरकारको लगानी शून्य, सडकभरि तनावको भारी

अच्युत पुरी/काठमाडौं

नेपालमा न्यूनतम १० देखि ६० सिट क्षमतासम्म यात्रु बोक्ने सार्वजनिक सवारीसाधन सञ्चालनमा छन् । सिटी सवारीले योभन्दा बढी क्षमतामा पनि यात्रु ओसार्छन् । रोचक के छ भने यसरी एउटा सवारीसाधन भित्र दर्जनौं यात्रु बोकेर हिँड्ने सवारी चालक उत्पादनमा सरकारले एक रूपैयाँ पनि लगानी गर्दैन ।

'ड्राइभर कोटा'मा सरकारले छात्रवृत्ति छुट्याउँदैन । ड्राइभर उत्पादन गर्ने स्कुल खुलेका छैनन्। ड्राइभरलाई विदेश तालिममा पठाउने कुनै प्रावधान छैन । ठूल्ठूला सरकारी तक्मा र सम्मान ड्राइभरले पाउँदैनन्। शारीरिक र मानसिक रूपमा सबैभन्दा चनाखो, सक्षम र दुरूस्त रहनुपर्ने यो पेसा आज नेपालमा सबैभन्दा अपहेलित छ । यी सवारी चालकले आफ्नो बलबुतामा सवारीसाधन हाँक्न सिकेका हुन्छन्। उनीहरुलाई यात्रुको चुस्त व्यवस्थापन, सवारी नियम, पूर्वाधार अवस्थाबारे त्यति धेरै जानकारी हुँदैन । बरू वर्षौंको अनुभवले खारिएर उनीहरूले दक्षतापूर्वक यातायात चलाइरहेका हुन्छन् ।

तर, कुनै एक दुर्घटनामा सबै भार चालकलाई बोकाएर अन्य सरोकारवाला उम्किन्छन् । सरकारले पेसागत रूपमा जनशक्ति उत्पादनमा धेरै लगानी गरेको छ। चाहे त्यो शिक्षक होस् वा डाक्टर वा इन्जिनियर । 'एक डाक्टरले एक दिन गल्ती गर्दा एक बिरामीको ज्यान जान सक्छ, एक शिक्षकले राम्रो पढाएन भने विद्यार्थी फेल होला, तर एक ड्राइभरले गल्ती गऱ्यो भने एकसाथ धेरै जिन्दगीको क्षति हुन्छ, चालक पेसा त्यति संवेदनशील छ', सडक सुरक्षा अनुसन्धानकर्ता डा. पुष्पराज पन्त भन्छन् ।

उनको भनाइमा सहमत छन् नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ अध्यक्ष सरोज सिटौला । उनका अनुसार अहिले हरेक चालकले आफ्नो क्षमतामा सवारी चलाउन सिकेका छन् । त्यसमध्ये कतिपय स्वरोजगार छन् । धेरै पढेका र शिक्षित व्यक्ति चालक पेसामा आउन मान्दैनन् ।

तर, विडम्बना के छ भने कोही व्यक्ति चालक भइसकेपछि पनि उसको क्षमता अभिवृद्धि गर्ने सरकारको कुनै योजना छैन, कार्यक्रम छैन, बरू सरकारकै निकायले चालकलाई हतोत्साही बनाउँछन् ।

एकातर्फ नेपालको सडक पूर्वाधारमा आफ्नै चुनौती छन् । निर्माणाधीन आयोजना वर्षौं अलपत्र पार्दा पनि कोही कुनै कारबाहीको भागिदार बन्नु पर्दैन । त्यसमाथि प्राकृतिक विपद्ले छिनछिनमा दिने चुनौती अर्कातर्फ छ ।

'सडक सुरक्षामा चालक एक पात्रमात्र हो', सिटौला भन्छन्, 'यहाँ त सबैको जिम्मेवारी हुन्छ होला नि !, त्यसोभए चालकमात्र किन अपहेलित ? किन दोषी ?,' उनका प्रश्न छन् ।

सार्वजनिक यातायातमा अर्को विडम्बना तथ्यांक अभाव हो । नेपालमा कति सार्वजनिक यातायात छन्, कति जनशक्ति यसमा आश्रित छन् भन्ने यकिन तथ्यांक राज्यका निकायसँग नै छैन । सिटौलाका अनुसार नेपालमा यात्रु र ढुवानी गरी सार्वजनिक यातायातमा ११-१२ लाख जनशक्ति आबद्ध रहेको अनुमान छ । त्यसमध्ये ५-७ लाख चालक रहेको अनुमान छ। कम्पनी, रूट र क्षमता अनुसार सार्वजनिक सवारीसाधनका चालकले मासिक ३० हजारदेखि १ लाखसम्म आम्दानी गर्छन् ।

कम्पनीहरु मार्फत हुने सामाजिक सुरक्षा बाहेक सरकारले सार्वजनिक सवारीसाधनका चालक उत्पादन, उनीहरुको क्षमता अभिवृद्धि र मानसिक तथा शारीरिक स्वास्थ्य सुधारमा अहिलेसम्म कुनै कार्यक्रम ल्याएको छैन ।

गृह मन्त्रालयका एक उच्च अधिकारी चालक र उसको भूमिकालाई राज्यले कतै पनि चिन्न नसक्नु सबैभन्दा दुःखद पक्ष भएको बताउँछन् । 'यो पेसा मर्यादित बनाइएन, हामी राज्यकै निकायमा

बाँकी तेश्रो पेजमा



शुक्ला हिलेटारको एकादशी मेला व्यवस्थित बनाईदै

भञ्ज्याङ समाचारदाता/दुलेगौडा

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौंडास्थित पुलचोकमा लाग्ने ऐतिहासिक हरिबोधनी एकादशी मेलालाई यस वर्ष थप व्यवस्थित र आकर्षक बनाउने तयारी गरिएको छ। धार्मिक आस्थासँग जोडिएको शुक्ला हिलेटार क्षेत्रको प्रचारप्रसार र धार्मिक पर्यटन प्रवर्द्धनलाई समेत जोड दिँदै मेला व्यवस्थापनको काम अघि बढाइएको हो ।

शुक्ला हिलेटार मन्दिर व्यवस्थापन समितिले शनिबार पत्रकार सम्मेलन गरी मेलाको तयारी सार्वजनिक गरेको छ । मेला भर्न तनहुँसहित कास्की र स्याङ्जालगायतका जिल्लाबाट ठूलो संख्यामा भक्तजन आउने भएकाले स्नान गर्ने स्थानदेखि पूजाआजासम्मका व्यवस्थापनलाई प्राथमिकता दिइएको समितिले जनाएको छ ।

समितिका अध्यक्ष परशुराम शर्मा भण्डारीले दर्शनार्थीको सहजता र धार्मिक विधिको मर्यादा कायम राख्न आवश्यक प्रबन्ध मिलाइने बताए । विगतका वर्षमा देखिएका व्यवस्थापकीय कठिनाइलाई समेत ध्यानमा राखेर यस वर्ष मेला थप व्यवस्थित बनाउने तयारी गरिएको उनको भनाइ छ ।

मेलाको प्रमुख धार्मिक आकर्षणका रूपमा रहेको तोरण तार्ने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने भएको छ। समितिले मंसिर २ गते डोरी बाँध्ने, ३ गते फूल उन्ने र ४ गते तोरण तार्ने कार्यक्रम तय गरेको छ । अध्यक्ष भण्डारीले धार्मिक परम्परासँग जोडिएको उक्त कार्यक्रममा सहभागी हुन भक्तजनलाई आग्रह गरेका छन् ।

मेलामा सहभागी हुने भक्तजनलाई बहुमूल्य गरगहना र सामान नल्याउन पनि समितिले

बाँकी अन्तिम पेजमा



सम्पादकीय .....

www.bhanjyangnews.com

जमिनको उपयोग गरी उत्पादन बढाऔं

परनिर्भताउन्मुख हुँदै गएको नेपाली समाजलाई जमिनको उपयोग गरी उत्पादन बढाउँन तर्फ ध्यानदिनुपर्ने समय आएको छ । बढ्दो परनिर्भताका कारण मुलुक अर्थतन्त्रमा पनि असर देखिने गरेको छ । हाम्रा भान्छादेखि विलासिताका वस्तु समेत हामी परनिर्भता बन्दै गएका छौं । हाम्रा खेतीयोग्य उर्वर भूमि बाँझिदै गएका छन् । आफ्ना लागि समेत उत्पादन नगरी हामी आयतमुखी बनेका छौं। करेसाबारीमा थोरै खेती गरेपनि आफ्नोलागि पुग्ने खुर्सानी, साग लगायतका तरकारी समेत हामी अन्य मुलुकबाट आयत गर्ने भएका छौ । यो पक्कै पनि नेपाल र नेपालीका लागि सुखद पाटो होइन् । ग्रामीण क्षेत्रमा खेतीयोग्य जमिन बाँझदै गएका छन् भने बेसी, उपत्यका तथा फाँटहरू पनि बाँझिनुका साथै प्लटिङ्का नाममा नासिना थालेका छन् । विशेषता कृषि पेशा अंगाल्ने युवापुस्ता नहुँदा खेतीयोग्य जमिन बाँझिएका छन् । रोजगार खोज्दै विदेशिनेको संख्या बढ्दै गएपछि ग्रामीण भेगमा रहेका खेतीयोग्य जमिन बाँझै छन् । भएका युवा पनि विदेशिएपछि गाउँमा काम गर्ने जनशक्ति छैनन् ।

यतिबेला ग्रामीणबस्तिमा वृद्धवृद्धाको मात्र बसोवास देखिन्छ । बाह्रैमहिना खेती गरेर जीविकोपार्जन गर्ने ग्रामीण क्षेत्रका स्थानीयवासीले अहिले भएका जमिन बाँझै छाडेका छन् । सामान्य साग, गोलभेडा, खुर्सानी तथा धनियाँका पात समेत बजार क्षेत्रबाट खरिद गरी गाउँगाउँमा पुग्ने गरेको छ । युवा विदेशिएसँगै गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र हुँदा खेती लगाउने समयमा जनशक्ति अभाव हुने गरेको छ । जिल्लाको देवघाट, आँवुखैरेनी, बन्दीपुर, म्याग्दे, घिरिङ, ऋषिङ गाउँपालिका तथा भानु, व्यास, शुक्लागण्डकी र भिमाद नगरपालिकाका गाउँबस्तिामा अधिकांश उर्वरभूमि बाँझिन थालेका छन् । शहर बजार क्षेत्र आसपास रहेका खेतीयोग्य जमिन पनि बाँझिन थालेका छन् । बजार छेउछाउमै रहेका जमिन प्लटिङ र बढ्दो शहरीकरणले कंक्रिटयुक्त घर टहरा निर्माण हुँदै गएका छन् । विशेषता खेती गर्न जनशक्ति नपाउँने, भएका जनशक्तिले गर्न नसक्ने, युवाशक्ति विदेश जाने, जग्गा जमिन बाँझै हुन थालेका छन् । अधिकांश ग्रामीण क्षेत्रका जग्गा भएर पनि सदरमुकामदेखि खाद्यन्न सामग्री किनेर ल्याउने क्रम बढ्दै गएको छ । सुविधा खोज्दै केही सहरतिर पस्न थाले, केही विदेशिए, अब त गाउँ नै सुनसान हुन थालेको छ । अहिले भएका केही युवा पनि खेती गर्न छाडेर व्यापार, व्यवसाय गरी आम्दानी गर्न तर्फ केन्द्रित बन्दै गएका छन्। ग्रामीण क्षेत्रका खेतीयोग्य जमिन जनशक्ति अभावकै कारण बाँझिन पुगेका छन् । गाउँमा अन्न उत्पादन हुने खेतीयोग्य जमिन बाँझिदा अन्न उत्पादन पनि घटेको छ ।

शिक्षित वर्ग र पुँजी भएका सहर झरेका छन् भने रोजगारका लागि विदेशिएका परिवार पनि सुविधा खोज्दै सहरमा बसाइँ सर्न थालेपछि अहिले गाउँमा बुढाबुढीको मात्रै बसोवास देखिन्छ । वर्षौंदेखि भोगचलन गर्दै आएको खेतीयोग्य जमिन बाँझिदै गएको छ । गाउँका घर जीर्ण भई भत्कन थालेका छन्। खेतीयोग्य जमिन बाँझिन थालेपछि खाद्यान्न अभाव देखिएर मूल्यवृद्धि हुन थालेको छ । स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न कम उत्पादन हुने भएकोले बाहिरबाट आयत गनुपर्ने भएकाले मूल्य वृद्धि हुनु स्वभाविक हो । खेतबारीमा वनमारा र सिरू फुलेको छ, गाउँले बजारको आयातित चालम र खाद्यान्न किनेर खाने क्रम बढ्दै गएको छ । हाम्रो परम्परागत खाद्यन्न लोप हुँदै गएका छन् । हरेक वर्ष खेतीयोग्य जमिन बाँझिने क्रम बढ्दै गएको छ । यस्तै, सदरमुकाम तथा मुख्य बजार क्षेत्रमा जग्गाको भाउ आकासिएको छ । कृषि कार्यालय र स्थानीय तहले किसानलाई प्रोत्साहनका लागि खाद्यन्न, तरकारीबाली, माछा व्यवसाय, च्याउखेती लगायतमा अनुदान दिने, बीमा गर्ने, प्रविधि प्रदान गर्ने गरेका भए पनि खेतीयोग्य जमिन अझै प्रयोगमा आउन सकेका छैनन् । यस तर्फ स्थानीय सरकारले विशेष कार्यक्रमहरू प्रथामिकतामा राखेर युवालाई गाउँमै रोकेर बाँझिदै गएको जमिनलाई पुनःप्रयोगमा ल्याई खाद्यन्न उत्पादनमा जोड्न सक्नुपर्छ । उत्पादित कृषि उपजको बजारीकरणका साथै आवश्यक विऊविजन, प्रविधि, तालिम लगायतका आवश्यकाता परिपूर्ति गरी गाउँमै रोजगारीको वातावरण सृजना गरी खेतीयोग्य जमिनलाई हरभर बनाउनुका साथै आयतलाई प्रतिस्थापन गरी आत्मनिर्भर बन्न अब युवाहरूनै जाग्नुपर्दछ । यस्तै, जनताको घरदैलोको सरकारपनि आगमि वर्षको नीति, कार्यक्रम तथा बजेट बनाउने तयारीमा जुटिरहेका छन् । पालिकहरूले बाँझिएको जमिनको उपयोग, कृषि क्षेत्रलाई व्यवसायक तथा प्रवर्द्धन, उत्पादित उपजको बजारीकरण, मल, विऊविजन, औषधी उपचार जस्ता क्षेत्रलाई सहजिकरण गरी उत्पादन वृद्धिमा जोड्दिनुपर्ने आवश्यक छ ।

पालिका अधिवेशन र उम्मेदवार छनोटमा एमालेले लिनुपर्ने दुई रणनीति

नेकपा एमाले पटक-पटक निर्वाचनमा पछारिएको छ । तर हरेक पटक धुलो टक्टक्याउँदै उठेको इतिहास पनि छ। यसपटक पनि पार्टी कार्यकर्ताले त्यही अपेक्षा गरेका छन् । तर विगतमा जस्तै केही कमजोरी सच्याउने, केही अनुहार बदल्ने र फेरि पुरानै शैलीमा अघि बढ्ने हो भने अपेक्षित परिणाम आउँदैन। अब पार्टीले आफ्नो संगठनात्मक अभ्यास र राजनीतिक कार्यशैलीमै केही आधारभूत परिवर्तन गर्नुपर्छ। पार्टीको राष्ट्रिय भेला मंसिर २ र ३ गते हुँदैछ। यो भेला विगतको समीक्षा गर्ने र आगामी कार्यदिशा तय गर्ने अवसर बन्नुपर्छ। पार्टीलाई पुनः सशक्त राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न संगठन निर्माणदेखि उम्मेदवार छनोटसम्मका विषयमा नयाँ मान्यता स्थापित गर्न जरूरी छ ।

स्थानीय तहको निर्वाचन पनि अब धेरै टाढा छैन । २०८४ वैशाखमा वर्तमान स्थानीय जनप्रतिनिधिको कार्यकाल सकिँदैछ। त्यसअघिनै निर्वाचन हुन सक्छ वा प्रदेश र स्थानीय तहको निर्वाचन एकैपटक हुन सक्ला। जे भए पनि पार्टीले संगठन सुधार र निर्वाचनको तयारीका लागि उपलब्ध समयको सदुपयोग गर्नुपर्छ। निर्वाचनपूर्व नै वडा र पालिका कमिटीहरूको अधिवेशन हुने मिति तय भइसकेको छ । पार्टी कमिटी अधिवेशनपश्चात् मात्रै स्थानीय तहका उम्मेदवारहरु छनोटको प्रक्रिया आरम्भ हुने भएकाले यसलाई सुनौलो अवसरका रूपमा लिनुपर्दछ ।

उम्मेदवार बन्नेले सम्बन्धित कमिटीमा बसौं

पार्टी केन्द्रको निर्णयअनुसार मंसिर २६ गते देशभरका ६ हजार ७४३ वडा कमिटीको अधिवेशन हुँदैछ । त्यसैगरी पुस ४ गते ७५३ स्थानीय तहमा पालिका अधिवेशन आयोजना हुँदैछ । यी अधिवेशनलाई नियमित सांगठनिक प्रक्रिया पूरा गर्ने कार्यक्रमका रूपमा मात्र लिनु हुँदैन । आगामी निर्वाचनलाई समेत ध्यानमा राखेर पार्टीको संगठन पुनर्गठन गर्ने अवसरका रूपमा उपयोग गर्नुपर्छ । यसका लागि पार्टीले एउटा स्पष्ट मापदण्ड बनाउनुपर्छ। जो पार्टी सदस्य वडा अध्यक्ष वा वडा सदस्यको उम्मेदवार बन्न चाहन्छ, ऊ सम्बन्धित वडा कमिटीमा क्रियाशील हुनुपर्छ । जो पालिका प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षको उम्मेदवार बन्न चाहन्छ, ऊ सम्बन्धित पालिका कमिटीमा क्रियाशील हुनुपर्छ।

यसको अर्थ उम्मेदवार बन्न चाहने सबैले कमिटीमा पद नै पाउनुपर्छ भन्ने होइन। सम्बन्धित कमिटीमा बसेर पार्टीको काम, संगठन निर्माण, जनसम्पर्क र राजनीतिक गतिविधिमा जिम्मेवारीपूर्वक सहभागी हुनुपर्छ भन्ने हो ।

उदाहरणका लागि, कुनै पालिकामा प्रमुखको उम्मेदवार बन्न चाहने व्यक्तिहरु त्यही पालिका कमिटीमा रहेर काम गरून्। उपप्रमुखका आकांक्षीहरु पनि त्यही कमिटीमा रहेर काम गरून् । एक पदमा एक जनाले उम्मेदवार बन्ने हो, बाँकी नेताहरूले कमिटी सञ्चालन, संगठन विस्तार र निर्वाचनको तयारीमा भूमिका खेलून्। वडा तहमा पनि यही अभ्यास गरौं।

अहिले देखिएको एउटा समस्या के हो भने पालिका प्रमुख बन्न चाहने नेता पार्टीको केन्द्रीय वा प्रदेश तहको कमिटीमा बस्न चाहन्छन्। स्थानीय तहमा उम्मेदवार बन्ने आकांक्षा राख्छन्, तर स्थानीय पार्टी कमिटीमा बसेर काम गर्न रूचाउँदैनन्। निर्वाचनको समयमा भने उम्मेदवार बन्ने दाबीसहित स्थानीय कमिटीमा पुग्छन्, वा टिकट लिएर कमिटी खोज्दै पुग्ने चलन बढेको छ । पार्टी कमिटी होइन, उम्मेदवार निर्वाचन लड्नुपरेजस्तो भइरहेको छ ।

यस्तो अभ्यासले स्थानीय कमिटीको महत्त्व र प्रभावकारिता कमजोर बनाएको छ। स्थानीय कमिटीले संगठन चलाउनुपर्ने, निर्वाचनको तयारी गर्नुपर्ने र जनप्रतिनिधिसँग समन्वय गर्नुपर्ने हुन्छ । तर उम्मेदवार बन्ने व्यक्ति नै कमिटीको मातहतमा नरहने अवस्था आएपछि कमिटीको निर्णय र निर्देशन कार्यान्वयनमा कठिनाइ हुन्छ।

हाम्रो पार्टीको विधानले जनप्रतिनिधिलाई सम्बन्धित पार्टी कमिटीको मातहतमा रहने व्यवस्था गरेको छ। तर व्यवहारमा कतिपय स्थानमा यसको ठिक उल्टो अवस्था देखिन्छ। माथिल्लो कमिटीका नेता स्थानीय तहको उम्मेदवार बन्छन्, निर्वाचित भएपछि सम्बन्धित पालिका कमिटीसँग पर्याप्त समन्वय गर्दैनन्। पालिका वा वडा कमिटीले माथिल्लो कमिटीमा रहेको नेतालाई कमान्ड गर्न सक्ने अवस्था हुँदैन। त्यसैले कतिपय ठाउँमा जनप्रतिनिधि र पार्टी कमिटीबीच आवश्यक सहकार्य हुन सकेको छैन। यसको असर पार्टी संगठन र विकास निर्माण दुवैमा परेको छ।

त्यसैले अब पार्टीले जिम्मेवारी र आकांक्षाबीच स्पष्ट सम्बन्ध स्थापित गर्नुपर्छ। वडा तहमा उम्मेदवार बन्नेले वडा कमिटीमा, पालिका तहमा उम्मेदवार बन्नेले पालिका कमिटीमा, प्रदेशसभाको उम्मेदवार बन्न चाहनेले प्रदेश तहको कमिटीमा र प्रतिनिधिसभाको उम्मेदवार बन्न चाहनेले केन्द्रीय तहको जिम्मेवारीमा रहेर काम गर्ने अभ्यास विकास गरौं।

यसको अर्थ माथिल्लो तहका नेताले तल्लो तहमा काम गर्ने नपाउने भन्ने होइन। तर जुन तहको जनप्रतिनिधि बन्ने आकांक्षा हो, त्यस तहको संगठनसँग प्रत्यक्ष जोडिएर काम गर्नुपर्छ। यसले नेताहरूलाई जनताको नजिक पुऱ्याउँछ, स्थानीय कार्यकर्तासँगको सम्बन्ध बलियो बनाउँछ र सम्बन्धित कमिटीलाई जिम्मेवार बनाउँछ।



उम्मेदवार छान्ने जिम्मा सम्बन्धित कमिटीलाई

स्थानीय तहको उम्मेदवार छनोटमा अर्को महत्त्वपूर्ण परिवर्तन आवश्यक छ। वडा अध्यक्षको उम्मेदवार सम्बन्धित वडा कमिटीले र पालिका प्रमुख तथा उपप्रमुखको उम्मेदवार सम्बन्धित पालिका कमिटीले छनोट गर्ने विधि स्थापित गरौं। यसका लागि निर्वाचनको केही समयअघि नै इच्छुक उम्मेदवारको नाम दर्ता गर्ने र छलफल गर्ने व्यवस्था गरौं। उम्मेदवार बन्न चाहने प्रत्येक व्यक्तिलाई आफ्नो राजनीतिक योगदान, स्थानीय विकासको परिकल्पना, चुनाव जित्ने आधार र आगामी कार्ययोजना प्रस्तुत गर्ने अवसर दिऔं ।

उम्मेदवार छनोट गर्दा लोकप्रियता मात्रै होइन, पार्टीमा गरेको योगदान, जनतासँगको सम्बन्ध, इमानदारी, नेतृत्व क्षमता, दूरदृष्टि र टिम परिचालन गर्न सक्ने योग्यतालाई समेत आधार बनाऔं। पार्टीको नीति र विचारप्रति प्रतिबद्ध व्यक्तिलाई प्राथमिकता दिऔं ।

यस प्रक्रियामा माथिल्लो कमिटीका जिम्मेवार नेताहरूले हस्तक्षेपकारी भूमिका होइन, सहजीकरणको भूमिका निर्वाह गरून्। विशेष गरी आफू उम्मेदवार नहुने र

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
छोटो समयमा मनग्य फाइदा हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ।

वृष
प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ।

मिथुन
सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

कर्कट
पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन्। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ।

सिंह
हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ।

कन्या
प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। सहयोगीहरूको साथ पाइनेछ।

तुला
प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। मानसम्मानमा बाधा पुग्नेछ।

वृश्चिक
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। मिहिनेतले नयाँ अवसर दिलाउनेछ।

धनु
केही पारिवारिक समस्या देखिए पनि आँटेको काम सम्पादन हुने समय छ। सावधानीले फाइदा उठाउन सकिनेछ।

मकर
प्रयत्न गर्दा साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। बुद्धिको उपयोगले समस्या सुल्झनेछ।

कुम्भ
गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला।

मीन
मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। विवादास्पद काममा जुट्नुपरे पनि धन आर्जन गर्न सकिनेछ ।



खाजा के खाने ? मःमः तनहुँको दमौलीस्थित सफासडकमा रहेको एक मःमः पसलमा ग्राहकलाई मःमः दिने तयारी गर्दै कर्मचारी । खाजाका लागि मःमः लोकप्रिय छ । *तस्विर : भञ्ज्याङ*

पालिका अधिवेशन र उम्मेदवार .....

सम्बन्धित निर्वाचन क्षेत्रको नेतृत्व नगर्ने जिम्मेवार नेताहरूलाई सहजीकरणको जिम्मा दिन सकिन्छ।

पहिलो प्रयास सहमतिबाट उम्मेदवार छनोट गर्ने हुनुपर्छ। तर सहमति हुन नसकेमा इच्छुक उम्मेदवारहरूबीच आन्तरिक निर्वाचन गरौं । पार्टी सदस्यहरूबीच मतदान गराउने वा सम्बन्धित कमिटीका सदस्य र त्यस भूगोलबाट माथिल्लो कमिटीमा प्रतिनिधित्व गर्ने नेताहरूलाई समेत मतदाता बनाउने विधि अपनाउन सकिन्छ। आवश्यकताअनुसार अन्य लोकतान्त्रिक विधि पनि निर्धारण गर्न सकिन्छ । मुख्य कुरा, उम्मेदवार छनोटको प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र न्यायपूर्ण हुनुपर्छ। त्यसरी छनोट भएको उम्मेदवारलाई सम्बन्धित कमिटीले स्वामित्व लिनुपर्छ। पार्टीको माथिल्लो कमिटीले पनि स्थापित विधिअनुसार भएको निर्णयलाई सम्मान गर्ने व्यवस्था हुनुपर्छ ।

यसरी उम्मेदवार छनोट हुँदा पार्टीभित्र अनावश्यक गुटबन्दी, शक्ति प्रदर्शन र माथिल्लो तहको पहुँच प्रयोग गर्ने प्रवृत्ति घट्न सक्छ। उम्मेदवार बन्ने आकांक्षीले पनि आफूलाई प्रमाणित गर्नुपर्ने हुन्छ। पार्टी कमिटीले पनि आफ्नो निर्णयप्रति जिम्मेवारी लिनुपर्छ ।

अहिलेको एउटा विडम्बना के छ भने उम्मेदवार बन्ने आकांक्षा धेरैमा छ, तर पार्टी कमिटीमा बसेर काम गर्ने उत्साह कम हुँदै गएको छ । निर्वाचनमा टिकट पाउन माथिल्लो नेतृत्वको ढोका ढकढक्याउने तर स्थानीय कमिटीको बैठकमा उपस्थित हुनसमेत जाँगर नगर्ने प्रवृत्तिले संगठन बलियो हुँदैन। उम्मेदवार छनोटको अधिकार सम्बन्धित कमिटीलाई दिइयो भने कमिटीमा बस्नुको अर्थ र आकर्षण दुवै बढ्नेछन् ।

स्थानीय कमिटीले उम्मेदवार चयन गर्दा माथिल्ला कमिटीका नेताहरूलाई मुस्किल पर्दछ भने हामी वडा तथा पालिका अधिवेशनको संघारमा छौं। हामी स्थानीय कमिटीमा रहेकाहरु उदार बन्न तयार हुनुपर्दछ। आउनुहोस्, स्थानीय कमिटीमा बसौं, काम गरौं, पार्टी निर्माण गरौं। सोहीअनुसार उम्मेदवार छनोट गरौं। यतिबेला हामी सबैको अर्जुनदृष्टि पार्टी निर्माण, निर्वाचनमा विजय र पार्टी नीतिअनुसार जनमुखी शासन सञ्चालन गर्नु हुनुपर्दछ ।

पार्टी संगठन भनेको पदहरूको सूची मात्र होइन। यो विचार, नेतृत्व, कार्यकर्ता र जनताबीचको सम्बन्ध हो। संगठनको सबैभन्दा महत्त्वपूर्ण आधार पार्टी सदस्य हुन् । त्यसैले माथिल्लो कमिटीमा बसेर मात्र पार्टी बलियो हुँदैन। तल्लो तहका कार्यकर्तासँग प्रत्यक्ष जोडिनु र उनीहरूका कुरा सुन्नु पनि उत्तिकै आवश्यक हुन्छ।

मेरो आग्रह छ, आगामी अधिवेशनलाई नेतृत्वको प्रतिस्पर्धा र पद व्यवस्थापनमा मात्र सीमित नगरौं। पार्टीमा जिम्मेवारी र उम्मेदवारीबीच सम्बन्ध स्थापित गर्ने अवसरका रूपमा उपयोग गरौं। जो नेता वडा वा पालिका तहको जनप्रतिनिधि बन्न चाहनुहुन्छ, उहाँहरु एक तह तल झरेर भए पनि सम्बन्धित कमिटीमा क्रियाशील बनौं । जो प्रदेशसभामा जान चाहनुहुन्छ, उहाँहरु प्रदेश तहमा पार्टी निर्माणमा लागौं। जो प्रतिनिधिसभामा जान चाहनुहुन्छ, उहाँहरु राष्ट्रिय राजनीतिक जिम्मेवारीमा केन्द्रित बनौं।

जनप्रतिनिधि बन्ने आकांक्षा नराख्ने नेताहरूले पनि आफ्नो क्षमता, अनुभव र रूचिअनुसार पार्टी संगठन निर्माणमा योगदान गर्न सक्नुहुन्छ। सबै नेता उम्मेदवार बन्नैपर्छ भन्ने छैन। पार्टीमा संगठन निर्माण, विचार निर्माण, प्रशिक्षण, जनसम्पर्क र नीति निर्माणका अनेकौं जिम्मेवारी छन् । यसरी जिम्मेवारीको तह र उम्मेदवारीको तहबीच तालमेल मिलाउन सकियो भने माथिल्लो कमिटीमा अनावश्यक दबाब कम हुनेछ। तल्लो कमिटीको नेतृत्व विकास हुनेछ। उम्मेदवार र पार्टी संगठनबीच सम्बन्ध बलियो हुनेछ। निर्वाचनपछि पनि जनप्रतिनिधि र पार्टी कमिटीबीच नियमित सहकार्यको वातावरण बन्नेछ।

अभ्यास बदलौं

मंसिर २ र ३ गतेको राष्ट्रिय भेला यस विषयमा गम्भीर छलफल गर्ने उपयुक्त अवसर हो। पार्टीले देशभरका वडा र पालिका अधिवेशनलाई पनि यही मान्यताका आधारमा अघि बढाउन सक्छ। यसका लागि स्पष्ट मापदण्ड, विधि र कार्यान्वयनको समयतालिका आवश्यक छ ।

नेता माथिल्लो कमिटीमा बस्ने तर उम्मेदवार बन्न तल्लो तहमा जाने प्रवृत्ति अन्त्य गरौं। उम्मेदवार छान्ने अधिकार सम्बन्धित कमिटीलाई दिऔं । सहमतिबाट सम्भव नभए लोकतान्त्रिक प्रतिस्पर्धाको बाटो खोलौं। उम्मेदवार बन्नेले कमिटीमा बसेर काम गरौं र उम्मेदवार नबन्नेले पनि पार्टी निर्माणको जिम्मेवारी लिऔं ।

पार्टीको पुनर्निर्माण नेतृत्वको भाषणबाट होइन, संगठनको अभ्यासबाट सुरू हुन्छ। यसपटक एमालेले आफ्नो अभ्यास बदल्ने आँट गर्नुपर्छ। नेता बलियो भएर मात्र पार्टी बलियो हुँदैन, पार्टीका कमिटी बलिया भए मात्र नेता र जनप्रतिनिधि पनि बलिया हुन्छन्। नेपालप्रेसबाट (खतिवडा नेकपा एमाले भीमेश्वर नगर कमिटी, दोलखाका अध्यक्ष हुन् ।)

सार्वजनिक सवारी चालक ....

काम गर्नेहरूले नै यो विषय बुझाउन सकेनौं,' उनी भन्छन् ।

उनका अनुसार सरकारले निजामती कर्मचारीका सन्ततिलाई हरेक वर्ष विभिन्न छात्रवृत्ति लगायत सुविधा दिन्छ । कतिपय प्रदेशले पोसाक भत्तामाथि स्थानीय पोसाक लगाएबापत थप भत्तासमेत दिन्छन् ।

'सामाजिक सुरक्षा होस् वा बीमा, कुनै पनि सुविधा, तालिम वा वैदेशिक अवलोकन भ्रमणमा राज्यले चालकका नाममा एक सुको पनि लगानी गरेको छैन', गृहका ती अधिकारी भन्छन् ।

आफैं तालिम लिएर सक्षम बनेको चालकको हौसला बढाउन, ऊमाथिको मानसिक दबाब कम गर्न सरकारले चालकका छोराछोरीलाई छात्रवृत्ति वा स्वास्थ्य बीमा तथा अन्य सुविधा दिन सक्ने ठाउँ भए पनि त्यसतर्फ कसैको ध्यान जान नसकेको उनी बताउँछन् ।

उनका अनुसार मन्त्रालयमा चालक पेसा मर्यादित बनाउनुपर्छ भन्नेबारे पटक-पटक छलफल हुने गरेको छ । कैयौं विज्ञले यो विषय उठाउने पनि गर्छन् । तर, बैठकमा उठेसँगै विषय पुनः सेलाउँछ ।

अहिले विद्युतीय सवारीसाधन (ईभी) दुर्घटनाका घटना बढी छन्। केही अघिसम्म डिजेल-पेट्रोल इन्जिन र प्रविधिका गाडी चलाइरहेका चालक एक्कासि ईभीमा सिफ्ट भए ।

स्वाभाविक रूपमा यी गाडी डिजेल/पेट्रोलभन्दा फरक इन्जिनियरिङमा निर्माण भइरहेका छन् । गाडी सिफ्ट भएसँगै चालकको क्षमता पनि सिफ्ट हुनुपर्छ । तर, अहिलेसम्म सरकारी वा निजी क्षेत्रले त्यस्ता तालिम कार्यक्रम चलाउन जरूरत नै ठानेका छैनन् ।

बरू चालक स्वयं नयाँ प्रविधिमा अभ्यस्त हुँदैछन् । सोही क्रममा हुने स-साना गल्तीले पनि आज ठूलो मानवीय क्षति त निम्तिएको छैन ? यसबारे गम्भीर भने कुनै पक्ष छैनन् ।

नेपालमा चालक पेसालाई नैतिक रूपमा समेत प्रश्न गरिन्छ। कतिसम्म भने केही समय अगाडि आफ्नो छेउको सिटमा महिला यात्रु राखेर गाडी नचालाउन समेत अनुरोध गरिएका सूचना सार्वजनिक सामाजिक सञ्जालमा देखिएका थिए ।

सार्वजनिक सवारी चालकलाई व्यावसायिक बनाउने, आफ्नो दक्षता अनुसार आकर्षक पारिश्रमिक दिने, गल्ती गर्नेलाई कारबाही गर्ने र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने हो भने चालक मार्फत हुन सक्ने सडक सुरक्षाका जोखिम न्यूनीकरण हुने सरोकारवाला बताउँछन् ।

आइरन तथा फोलिक एसिड नियमित सेवन गरौं, स्वस्थ आमा र शिशुको सुनिश्चितता गरौं

गर्भावस्थामा आमा र शिशुको स्वास्थ्य तथा उचित विकासका लागि आइरन तथा फोलिक एसिडको नियमित सेवन आवश्यक हुन्छ ।

आइरन तथा फोलिक एसिड सेवनका फाइदाहरू :

- गर्भावस्थामा हुने रक्तअल्पता रोकथाम गर्न ।
- आमा र शिशुको स्वास्थ्य तथा पोषण सुधार गर्न ।
- शिशुको मस्तिष्क तथा मेरूदण्डको उचित विकासमा सहयोग गर्न
- शिशुमा हुने जन्मजात न्युरल ट्युबसम्बन्धी समस्याको जोखिम कम गर्न ।

गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू:

- स्वास्थ्यकर्मीको सल्लाहअनुसार दैनिक आइरन तथा फोलिक एसिड सेवन गर्ने ।
- तोकिएको मात्रा र अवधिसम्म नियमित सेवन गर्ने ।
- नियमित गर्भजाँच गराउने ।
- हरियो सागपात, गेडागुडी, फलफूल तथा अन्य पोषणयुक्त खानेकुरा खाने ।
- कुनै समस्या देखिएमा स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

नियमित सेवन गरौं, रक्तअल्पताबाट बचौं, स्वस्थ आमा र स्वस्थ शिशुको भविष्य सुनिश्चित गरौं ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

मंसिर ०४ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मंसिर ०५ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मंसिर ०६ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

मिर्मुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली ।
फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



जातीय भेषभूषमा युवतीहरू : तनहुँको बन्दीपुर गाउँपालिका-३ स्थित रामकोट गाउँका मगर समुदायका युवातीहरू जातीय पहिचान झल्कने भेषभूषामा सहिजएर पाहुनाको स्वागतको तयारीमा । रामकोट घरवास (होमस्टे) मगर समुदायको परम्परागत भाषा, संस्कार, संस्कृति अध्ययन अवलोकनको उत्कृष्ट गन्तव्यका रूपमा विकास हुँदै गएको छ । विशेषगरी स्थानीय खानाका परिकारका साथै मगर समुदायको संस्कृतिमा रम्नका लागि आन्तरिक तथा वाह्य पर्यटक यहाँ पुग्ने गरेका छन् । *तस्विर : भञ्ज्याङ*

अन्नपूर्ण क्षेत्रमा पर्यटकको चहलपहल

अक्टुबरमा ४१ हजार ७५८ विदेशी पर्यटक भित्रिए, लामो बिदाले नारच्याङको अन्नपूर्ण आधार शिविरमा बढायो रौनक

भञ्ज्याङ समाचारदाता/म्याग्दी

अन्नपूर्ण संरक्षण क्षेत्रमा विदेशी पर्यटकको आगमन बढ्दै गएको छ । मुख्य पर्यटकीय याम सुरू भएसँगै अक्टुबर महिनामा मात्रै ४१ हजार ७५८ विदेशी पर्यटकले यस क्षेत्रको भ्रमण गरेका छन् । तिहार, छठ र लगातारको सार्वजनिक बिदाको अवसरमा म्याग्दीको नारच्याङस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा समेत आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का अनुसार गत वर्षको अक्टुबरमा ३७ हजार ७६ पर्यटक आएका थिए । यस वर्ष सोही अवधिमा चार हजार ६८२ पर्यटक बढी भित्रिएका हुन् । एक महिनामा आएका पर्यटकमध्ये दक्षिण एसियाली मुलुकका १९ हजार २०७ जना छन् भने बाँकी अन्य देशका हुन् ।

आयोजनाका प्रमुख डा. रविन कडरियाका अनुसार अक्टुबर र नोभेम्बर मुख्य पर्यटकीय याम भएकाले यस अवधिमा पर्यटकको आगमन बढ्ने गरेको छ । सन् २०२६ सुरू भएयता सबैभन्दा बढी जुन महिनामा एक लाख आठ हजार ७०३ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए। सबैभन्दा कम भने जनवरीमा २० हजार ६३ जना आएका थिए । जुन महिनामा भारतीय पर्यटकको संख्या सबैभन्दा बढी रहेको उनले बताए ।

एक्यापले अन्नपूर्ण चक्रीय पदमार्गमा भ्रमण गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सडकमार्ग हुँदै आउने आन्तरिक पर्यटकको संख्या भने यसमा समावेश छैन ।

नारच्याङको आधार शिविरमा पर्यटकको लर्को

अन्नपूर्ण क्षेत्रका विभिन्न गन्तव्यमा पर्यटकको आवागमन बढिरहेका बेला म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित चार हजार ५० मिटर उचाइमा रहेको अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा पनि पर्यटकको घुइँचो लागेको छ । दसैँ, तिहार र छठ पर्वको बिदासँगै शनिबार र आइतबारको सार्वजनिक बिदा जोडिएर लामो फुर्सद मिल्दा पदयात्रामा निस्कनेको संख्या बढेको हो ।

तिहारपछि आधार शिविरमा दैनिक चारदेखि पाँच सय जनासम्म पर्यटक पुग्ने गरेको स्थानीय पर्यटन व्यवसायी तथा मौरिस हर्जोग पदमार्गका अभियन्ता तेज गुरूङले बताए । उनका अनुसार पर्यटकको चाप बढेपछि पदमार्गका हुमखोला, फुतफुते झरना, साँधीखर्क, गुफाफाँट, भुस्केटमेला र आधार शिविरमा रहेका होटल, रेस्टुरेन्ट तथा चिया पसलमा चहलपहल बढेको छ ।

भदौ र असोजमा बाढीपहिरो तथा वर्षाका कारण सुस्ताएको पर्यटन गतिविधि पछिल्लो समय पुनः चलायमान बनेको उनले बताए। पर्यटकको आगमन बढेपछि नारच्याङ, भुरूङ-तातोपानी र बेनीका होटल तथा यातायात व्यवसायी समेत उत्साहित भएका छन् ।

बेनीका कपडा व्यवसायी राजु बानियाँ तिहार र छठको बिदामा परिवारसहित आधार शिविर पुगेर फर्किए । छोटो अवधिको पदयात्रामै हिमाल र तालको अनुपम दृश्य अवलोकन गर्न पाउँदा यात्रा अविस्मरणीय बनेको उनको अनुभव छ ।

उनले भने, "अन्नपूर्ण आधार शिविर साँच्चिकै स्वर्गको एक टुक्राजस्तै रहेछ । नजिकैबाट देखिने अन्नपूर्ण प्रथम हिमाल, प्राकृतिक सुन्दरता र पञ्चकुण्ड तालको मनोरम दृश्यले यात्रा रोमाञ्चक बनायो ।"

उनका अनुसार पदमार्गका विभिन्न स्थानमा तस्बिर र भिडियो खिच्ने पर्यटकको भीड देखिन्थ्यो। विशेषगरी फुतफुते झरना, गुफाफाँट, भुस्केटमेला, पञ्चकुण्ड ताल र आधार शिविर क्षेत्रमा पर्यटकको चहलपहल उल्लेख्य थियो ।

पदमार्गमा थपिँदै पूर्वाधार र सुविधा

पर्यटकको बढ्दो आकर्षणलाई ध्यानमा राखेर गाउँपालिकाले पदमार्गमा अस्थायी पर्यटकीय संरचना निर्माण तथा सेवा विस्तार गरेको छ । हुमखोलादेखि आधार शिविरसम्मका विभिन्न स्थानमा चिया, खाजा, खाना तथा आवासको व्यवस्था गरिएको छ । साँधीखर्क, भुस्केटमेला र पञ्चकुण्ड ताल परिसरमा आश्रयस्थल निर्माण गरिएका छन् ।

त्यस्तै, हुमखोला, फुतफुते झरना, गुफाफाँट, भुस्केटमेला र पञ्चकुण्ड क्षेत्रमा खानेपानी तथा शौचालयको व्यवस्था गरिएको छ। संघ, प्रदेश र स्थानीय सरकारको बजेटबाट पदमार्ग र झोलुङ्गे पुलको मर्मतसम्भारसमेत गरिएको छ ।

अन्नपूर्ण प्रथम हिमाल आरोहणको ऐतिहासिक महत्व झल्काउन आधार शिविरमा पहिलो आरोहण टोलीका मौरिस हर्जोग, लुइस लचेनल र नेपाली सहयोगी सोनाम वाङ्चुक शेर्पाका सालिक राखिएका छन् । यस क्षेत्रमा खुला संग्रहालयसमेत स्थापना गरिएको छ । फ्रान्सेली आरोही मौरिस हर्जोगको नामबाट पदमार्गको नामकरण गरिएको हो ।

दुई दिनको पदयात्रामा हिमाल र पञ्चकुण्ड

नेपालको पहिलो आठ हजार मिटरभन्दा अग्लो हिमालका रूपमा परिचित अन्नपूर्ण प्रथमको आधार शिविर पुग्न नारच्याङको दोभान-छोटेपा हुँदै हुमखोलासम्म करिब २० किलोमिटर सवारी साधनमा यात्रा गर्नुपर्छ । हुमखोलाबाट सुरू हुने करिब २१ किलोमिटर पैदलयात्रा पूरा गर्न सामान्यतया दुई दिन लाग्छ ।

पदमार्गमा पर्ने फुतफुते झरना, गुफाफाँट, भुस्केटमेला र पञ्चकुण्ड ताल यस क्षेत्रका प्रमुख आकर्षण हुन्। हिमालको नजिकबाट अवलोकन गर्न सकिने प्राकृतिक दृश्य र तुलनात्मक रूपमा छोटो अवधिमा पूरा गर्न सकिने पदयात्राका कारण अन्नपूर्ण आधार शिविर युवा पुस्तामाझ लोकप्रिय बन्दै गएको छ ।

समग्रमा सात हजार ६०० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन् । अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ र घोडेपानी यहाँका प्रमुख पर्यटकीय गन्तव्य हुन् । प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली संस्कृति र मौलिक जनजीवनले गर्दा अन्नपूर्ण क्षेत्र आन्तरिक तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बन्दै आएको छ ।

facebook twitter



Surya Raj Acharya
x.com/SuryaRAcharya

भौतिक विकास र साइड-इफेक्ट

भौतिक विकासले मानिसको जीवनलाई सहज बनाएको छ । यसका मुख्य प्रभाव सकारात्मक हुँदाहुँदै पनि समाजमा केही नकारात्मक प्रभाव पनि छाडेको छ । यस सन्दर्भमा नकारात्मक प्रभावकै आधारमा विकास र प्रगतिका एजेन्डा नै रोक्नु बुद्धिमत्ता होइन । बरू त्यस्ता प्रभावलाई पहिल्यै आकलन गरी सक्दोसम्म न्यूनीकरण गर्ने हो ।

गाईले दूध दिन्छ र गोर्ब्याउँछ पनि । गोबरले फोहर हुन्छ भनेर गाई नै नपाल्ने होइन, गोबरको व्यवस्थापन गर्ने हो ।



Keshab DAHAL
x.com/dahalkeshab

हाम्रा नयाँ सांसदहरु विदेश उड्ने मामिलामा पुरानाभन्दा निकै अगाडि देखिए । त्यसो त कामभन्दा कुरा धेरै गर्न, ढाँट्न, कुरा मिलाउन, उधुमै गरेर्भैं झिनामसिना कुरालाई बढाइचढाइ गर्न र देश बनाउने गफ छाँट्न पनि यिनीहरु पुरानाभन्दा अब्बल देखिए ।

खासमा, यिनलाई हाइसन्चो छ । मतदाताप्रति उत्तरदायी हुनुपरेको छैन, पार्टीप्रति उत्तरदायी हुनुपरेको छैन, भोलि के होला थाहा छैन । अपजस बोक्ने रवि, बालेन छँदैछन् । त्यसैले त हाइसन्चो छ, कुदाकुद छ र ताहुरमाहुर छ । उनीहरुको तरिका हेर्दा लाग्छ, जुम्राले घोडा बनेको सपना देखेर हिनहिनाउँदै छ । ब्रोहरु, सपनाको रजगज अजरअमर हुँदैन है! ३५ वर्षलाई ३५ महिनाले नजितोस्, होस गरौं ।

पोखराको बाल सुधार गृहबाट १७ वर्षीय बालबन्दी फरार

भञ्ज्याङ समाचारदाता/पोखरा

पोखराको सराङकोटस्थित बाल सुधार गृहबाट एक बालबन्दी फरार भएका छन् । आइतबार बिहान करिब साढे ७ बजे १७ वर्षीय बालक सुधार गृहको पछाडिपट्टिको पर्खाल नाघेर फरार भएका हुन् । रामेछाप घर भएका ती बालकलाई २०८२ जेठ ४ गते बाल सुधार गृहमा ल्याइएको थियो। उनी फरार भएसँगै सुधार गृहबाट फरार भई अझै सम्पर्कमा नआएका बालबन्दीको संख्या नौ पुगेको छ।

गत वर्ष भदौ २४ गते जेनजी आन्दोलनका क्रममा सुधार गृहबाट



कास्कीको पोखरा महानगरपालिका-१८ स्थित सुधार गृहका प्रमुख डाँसीराम रेग्मीका अनुसार बालक पर्खाल नाघेर नजिकैको जङ्गलतर्फ भागेका थिए। उनको खोजी भइरहेको भए पनि आइतबार साँझसम्म सम्पर्कमा आउन सकेका छैनन् ।

उनले भने, "आइतबार बिहान साढे ७ बजेतिर बालगृहको पर्खाल नाघेर बालबन्दी फरार भएपछि खोजी जारी छ ।

एकैपटक १०९ जना बालबन्दी फरार भएका थिए । तीमध्ये आठ जना अझै फर्किएका छैनन् । आइतबार फरार भएका बालकसमेत जोड्दा हाल नौ जना सम्पर्कविहीन भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक रामजी देवकोटाले फरार बालबन्दीको खोजी भइरहेको जानकारी दिए । हाल बाल सुधार गृहमा ९४ जना बालक रहेका छन् ।

शुक्ला हिलेटारको .....

अनुरोध गरेको छ । विगतका मेलामा सुनलगायतका बहुमूल्य गरगहना हराउने घटना दोहोरिएकाले सम्भावित असुविधा र चोरीका घटनाबाट जोगिन यस्तो आग्रह गरिएको अध्यक्ष भण्डारीले बताए ।

हरिबोधनी एकादशी मेलाले शुक्ला हिलेटारको धार्मिक तथा सांस्कृतिक पहिचानलाई थप उजागर गर्ने समितिको अपेक्षा छ। मन्दिर क्षेत्रमा नयाँ मन्दिर निर्माणको कामसमेत अघि बढिरहेको अवस्थामा मेलाले यस क्षेत्रको धार्मिक महत्त्व र पर्यटकीय सम्भावनालाई थप चिनाउन सहयोग पुग्ने अध्यक्ष भण्डारीले विश्वास व्यक्त गरे ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४